# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## तादी गाउँपालिका

### नुवाकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## तादी गाउँपालिका

## नुवाकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## तादी गाउँपालिका

### नुवाकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत

गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय ....

पत्र संख्याः २०७८।७९
च.नं. १४६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
तादीगाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट ।

**कैफियत सहितको राय**

हामीले तादी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ५ करोड ६७ लाख बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू १ करोड ४० लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ३ करोड २५ लाख ४ हजार, नियमित गर्नुपर्ने रू ३० लाख ९९ हजार र रहेको छ ।पालिकाको गतवर्ष सम्म रू १८ करोड १५ लाख २१ हजार बेरूजू बाँकी रहेकोमा यस वर्ष रू ५ करोड ६७ लाख थप भई हालसम्मको अद्यावधिक बेरूजू रू २३ करोड ८२ लाख २१ हजार रहेको छ । गाउँपालिकाको **बेरूजू वर्गीकरण र अद्यावधिक बेरूजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रूपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४१ | ९२ | ५६७०० | ० | ० | ० | ४१ | ९२ | ५६७०० | १४०४१ | ३०९९ | ३६३०४ | ० | ० | ३९४०३ | ३२५६ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

*(रु. हजारमा)*

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | | **प्रतिकृया पेश नभएको** | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | १८१५२१ | ० | ० | १८१५२१ | ० | ५६७०० | २३८२२१ |

## आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान : तादीगाउँ गाउँपालिका, नुवाकोट आर्थिक बर्षः २०७८/७९

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिपक दाहाल | २०७८-४-१ | |
| कार्यालय प्रमुख | बिनोद राज खरेल | २०७८-६-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिपेश भण्डारी | २०७७-३-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५६,६९९,५६३.३१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २३,८३३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९,२९,३२,९७८ | **चालु खर्च** | २६,३०,७२,५८७.८८ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,६६,६९,७५० | **पूँजीगत खर्च** | १३,४०,८५,६०३.०९ |
| **राजश्व बाँडफाँट** | ४,२६,३१,१५९.०९ | **वित्तीय/अन्य व्यवस्था** | ४,४७,४१,९६३.५१ |
| **आन्तरिक आय** | ५८,३५,१५२ | | |
| **अन्य आय** | ५,१२,१९,१३५.७१ | | |
| **कुल आय** | ४२,९२,८८,१७४.८ | **कुल खर्च** | ४४,१९,००,१५४.४८ |
| **बाँकी मौज्दात** | | -१,२५,८८,१४६.६८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परीचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित क्षेत्रफल ४७.८८ वर्ग किलोमिटर, १६९१२ जनसंख्या रहेको यो गाउँपालिका अन्तर्गत ६ वडा वाट ३२ गाउँसभा सदस्य रहेका छन् । गाउँपालिकाले तादी गाउँपालिकाको आधार कृषि तथा पशुपालन प्रमुख लक्ष्य तय गरेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>संचितकोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।<br><br>प्राप्ती भुक्तानी हिसाव<br>आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२
<table>
<tr><td colspan="4">यस वर्षको</td><td colspan="2">गत वर्षको</td></tr>
<tr><td></td><td>बजेट</td><td>आफैले गरेको प्रासि/भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्रासि/भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्रासी (क+ख)</td><td>४७,०४,८७,९५५.६९</td><td>४२,९२,८८,१७४.८०</td><td>४२,९२,८८,१७४.८०</td><td>४५,७२,०२,१८३.९५</td><td>४५,७२,०२,१८३.९५</td></tr>
<tr><td>क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने)</td><td>४२,०४,७१,५३९</td><td>३७,८०,६९,०३९.०९</td><td>३७,८०,६९,०३९.०९</td><td>४०,५५,०१,२९१.९५</td><td>४०,५५,०१,२९१.९५</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ११००० कर | ७,२२,१५,५३९ | ४,२६,३१,१५९.०९ | ४,२६,३१,१५९.०९ | ६,०४,०२,८६७.९५ | ६,०४,०२,८६७.९५ |
| १३००० अनुदान | ३४,२३,५६,००० | ३३,४३,८५,१८० | ३३,४३,८५,१८० | ३४,४४,१६,८१० | ३४,४४,१६,८१० |
| संघीय सरकार | २९,३४,६३,००० | २९,२९,३२,९७८ | २९,२९,३२,९७८ | २९,८९,२४,८१० | २९,८९,२४,८१० |
| प्रदेश सरकार | ४,८८,९३,००० | ३,६६,६९,७५० | ३,६६,६९,७५० | ४,५४,९२,००० | ४,५४,९२,००० |
| अन्तरिक श्रोत | ० | ४७,८२,४५२ | ४७,८२,४५२ | ० | ० |
| १४००० अन्य राजस्व | ५९,००,००० | १०,५२,७०० | १०,५२,७०० | ६,८१,६१४ | ६,८१,६१४ |
| ख. अन्य प्राप्ति | ५,००,१६,४१६.६९ | ५,१२,१९,१३५.७१ | ५,१२,१९,१३५.७१ | ५,१७,००,८९२ | ५,१७,००,८९२ |
| वितरण गर्न बाकी राजस्व | ० | (१,४१,०८०) | (१,४१,०८०) | ५,३०,९२८ | ५,३०,९२८ |
| कोषहरु | ५,००,१६,४१६.६९ | ४,९१,७३,२६१.४९ | ४,९१,७३,२६१.४९ | ५,११,६९,९६४ | ५,११,६९,९६४ |
| धरौटी | ० | २१,८६,९५४.२२ | २१,८६,९५४.२२ | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ४९,८४,८७,९५५.६९ | ४४,१९,००,१५४.४८ | ४४,१९,००,१५४.४८ | ३३,६२,४४,६५४.७८ | ३३,६२,४४,६५४.७८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४४,८४,७१,५३९ | ३९,७१,५८,१९०.९७ | ३९,७१,५८,१९०.९७ | ३०,८४,१२,०७६.१४ | ३०,८४,१२,०७६.१४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १२,७९,३५,२०० | १२,१९,३५,४६४.५५ | १२,१९,३५,४६४.५५ | १२,२५,७४,५३०.९१ | १२,२५,७४,५३०.९१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ११,०५,३८,३३९ | १०,२७,७७,०८०.९८ | १०,२७,७७,०८०.९८ | ७,७३,१८,८४१.२५ | ७,७३,१८,८४१.२५ |
| २५००० सहायता (Subsidy) | ४,००,००० | ४,००,००० | ४,००,००० | ० | ० |
| २६००० अनुदान | ३,६९,२०,००० | २,९८,३८,३९२.३५ | २,९८,३८,३९२.३५ | १,५२,४४,९८८.३३ | १,५२,४४,९८८.३३ |
| २७००० सामाजिक सुरक्षा | ८२,४७,००० | ७४,४६,९०० | ७४,४६,९०० | ६८,४५,५५५ | ६८,४५,५५५ |
| २८००० अन्य खर्च | ८,००,००० | ६,७४,७५० | ६,७४,७५० | ९,२२,६८३ | ९,२२,६८३ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १६,३६,३१,००० | १३,४०,८५,६०३.०९ | १३,४०,८५,६०३.०९ | ८,५५,०५,४७७.६५ | ८,५५,०५,४७७.६५ |
| घ. अन्य भूक्तानी | ५,००,१६,४१६.६९ | ४,४७,४१,९६३.५१ | ४,४७,४१,९६३.५१ | ३३,६२,४४,६५४.७८ | ३३,६२,४४,६५४.७८ |
| कोषहरु | ५,००,१६,४१६.६९ | ४,८७,८९,६९१.२० | ४,८७,८९,६९१.२० | २,७८,३२,५७८.६४ | २,७८,३२,५७८.६४ |
| धरौटी | ० | २२,१०,७८७.२२ | २२,१०,७८७.२२ | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तालिका तल) | |

| | | | | | |
|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (६२,५८,५१४.९१ ) | (६२,५८,५१४.९१ ) | | |
| ङ. यो वर्षको बचत (न्युन) | (२,८०,००,०००) | (१,२६,११,९७९.६८) | (१,२६,११,९७९.६८) | १२,०९,५७,५२९.१७ | १२,०९,५७,५२९.१७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २३,८३३ | २३,८३३ | २६,००,००० | २६,००,००० |
| वर्षान्तको बाकी रकम (ङ + च) | (२,८०,००,०००) | (१,२५,८८,१४६.६८) | (१,२५,८८,१४६.६८) | १२,३५,५७,५२९.१७ | १२,३५,५७,५२९.१७ |
| | | | | | |
| बैंक तथा नगद बाकी | | (१,२७,२९,२२६.६८) | (१,२७,२९,२२६.६८) | ११,२२,३७,६९६.६७ | ११,२२,३७,६९६.६७ |

३

**संचितकोष कारोबार वाहिरको विवरणः** कार्यालयबाट प्रस्तुत संचित कोषको वित्तीय प्रतिवेदनमा नेपाल सरकार (संघ) र प्रदेश सरकारबाट (CGAS) प्रणाली अन्तर्गत निकासा भई खर्च भएको देहाय अनुसारको रकम समावेस गरेको छैन । उक्त कारोवार संचित कोषको वित्तीय प्रतिवेदनमा समावेस भएको छैन । पालिकाले समग्र आर्थिक कारोवार समेटीने गरी एकिकृत वित्तीय विवरण तयार गर्नु पर्दछ ।

| क.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट रकम | निकासा/ खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ९२९४५४२४।०० | ९२९४५४२४।०० | ० |
| | कूल जम्मा (क) | ९२९४५४२४।०० | ९२९४५४२४।०० | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>प्रदेश पुर्वाधार स्वास्थ्य प्रवर्दन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम</td><td>१७०००००।००</td><td>०</td><td>१७०००००।००</td></tr>
<tr><td>३</td><td>भौतिक पूर्वाधार विकास मन्त्रालय</td><td>२५०००००।००</td><td>१४०९५२०।००</td><td>१०९०४८०।००</td></tr>
<tr><td></td><td>कूल जम्मा (ख)</td><td>४२०००००।००</td><td>१४०९५२०।००</td><td>२७९०४८०।००</td></tr>
<tr><td></td><td>खुद जम्मा (क+ख)</td><td>९७१४५४२४।००</td><td>९४३५४९४४।००</td><td>२७९०४८०।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
बित्तिय विवरणको विश्लेष<br><br>
१ विवरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस गाउँपालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न गाउँपालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।<br>
२ स्वीकृत ढाँचाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धाण गरे वमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नु पर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाकंन गरेको छ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा दफागत रूपमा यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।<br>
३ मौज्दात फरकः प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचा अन्तर्गत प्रतिवेदनको म.ले.प.फारम २७२ वित्तीय प्रतिवेदन र स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको स्थानीय तहको एकिकृत वित्तीय विवरण (रिपोर्ट १) ले देहाय
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

अनुसार यस वर्षान्तको मौज्दातमा रू. २५५४६०८७।६३ र हालसम्को मौज्दात रू २५५६९९२०।९५ फरक देखिएको छ । यस्तो फरक मौज्दातको समयमा नै हिसाव मिलान हुनु पर्दछ ।

| विवरण | यस वर्षान्तको मौज्दात | हाल सम्मको मौज्दात |
|---|---|---|
| वित्तीय विवरण म.ले.प.फा.नं.२७२ अनुसार | (१२६११९७९।६८) | (१२५८८१४६।६८) |
| संचित कोषको अवस्था अनुसूची १० अनुसार | ३८१५८०६७।६३ | ३८१५८०६७।६३ |
| २७२ मा घटी | २५५४६०८७।६३ | २५५६९९२०।९५ |

यस पालीकाको संचित कोषको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७२ र गाउँपालीका कै स्थानीय तहहरूको एकिकृत वित्तीय विवरणको समग्र प्राप्ती, खर्च र मौज्दातमा देहाय अनुसार फरक परेको छ । यस्तो फरक रकमले पालीकाको संचित कोषले देखाउने वित्तीय अवस्थामा फरक पर्ने हुँदा समयमा नै हिसाव मिलान गरिनु पर्दछ ।

| विवरण | संचित कोष (म.ले.प.फा.नं.२७२ अनुसार | स्थानीय तहको एकिकृत वित्तीय विवरण रिपोर्ट -१ अनुसार | फरक |
|---|---|---|---|
| प्राप्ती | ४२९२८८१७४।८० | ४३५३१६००० ।०० | (६०२७८२६।००) |
| खर्च | ४४१९००१५४।४८ | ३९७१५८०००।०० | ४४७४२१५३।६८ |
| मौज्दात | (१२६११९७९।६८) | ३८१५८०००।०० | ५०७६९९७९।६८ |

उक्त तालिकामा एकिकृत वित्तीय विवरणमा भन्दा संचित कोषको विवरण (म.ले.प.फा.नं.२७२) मा प्रासी, खर्च र मौज्दातमा फरक देखिएको सम्वन्धमा वास्तविकता यकिन गरी हिसाव मिलान गरिनु पर्दछ ।

यस वर्षान्तमा संचित कोषको वैंक नगदी किताव अनुसारको वैंक मौज्दात, पालिकाको संचित कोषको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले देखाएको वैंक मौज्दात भन्दा रु. १००४८०१०।५२ बढी देखिएको छ ।बैंक मौज्दात बढी देखिएको सम्वन्धमा स्पष्ट गरिनु पर्दछ ।

| विवरण | मौज्दात |
|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१.वर्षान्तमा संचित कोषको वैंक नगदी किताव अनुसारको मौज्दात</td><td>२२६३६१५७।२०</td></tr>
<tr><td>२.संचित कोषको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसारको वैंक मौज्दात</td><td>(१२५८८१४६।६८)</td></tr>
<tr><td>वैंकमा बढी मौज्दात</td><td>१००४८०१०।५२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>जिम्मेवारी फरकः स्थानीय तहको संचित कोषमा गत विगतको वांकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नु पर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. २६०००००।०० मौज्दात कायम भएकोमा यो वर्षको शुरूमा रू. २३८३३।०० जिम्मेवारी सारी रू. २५७६१६७।०० घटी जिम्मेवारी सारेको देखियो । गत वर्षको जिम्मेवारी फरक देखिएको रकमको हिसाव मिलान गर्नुपर्नेमा नगरी यस वर्ष यस्तो रकममा पुनरावृत्ती भएको छ । यस्तो फरक रकमको वास्तविकता पहिचान गरी हिसाव मिलान गर्नु पर्ने रू</td><td>२,५७६,१६७</td></tr>
<tr><td>६</td><td></td><td></td><td>हिसाव मिलानः स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) वमोजिम स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सो वमोजिम कार्यालयले मासिक रूपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नु पर्नेमा वर्षान्त सम्ममा पनि तयार गरेको पाइएन । लेखा परीक्षण अवधिमा उक्त हिसाव मिलान विवरण तयार गरी पेश भएको छ । निम्नानुसारको वैंक हिसाव मिलान विवरणमा नेपाल बैंक नुवाकोटको ८ वटा वैंक खाताको खूद फरक रकम रू. २८५९८७४८।९५ को हिसाव मिलान गरेको छैन । यस सम्वन्धी विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र.सं.</th><th>खाताको प्रकार</th><th>खाता अनुसारको बाँकी रकम रु.</th><th>बैंक अनुसारको बाँकी रकम रु.</th><th>फरक रकम</th></tr>
<tr><td>१</td><td>ग.१.१ आन्तरिक राजश्व खाता</td><td>०</td><td>५२९४९०।००</td><td>०</td></tr>
<tr><td>२</td><td>ग.२.१ चालु खर्च खाता विजोर वर्ष</td><td>१६०३२६७८।३६</td><td>१२४९३४८२।४४</td><td>३५३९१९५।९२</td></tr>
<tr><td>३</td><td>ग.२.४ पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>११०५१६०४।१८</td><td>६८८११७८।२५</td><td>४१७०४२५।९३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>ग.३ स्थानीय तह धरौटी खाता</td><td>०</td><td>११०५०९।८३</td><td>०</td></tr>
<tr><td>५</td><td>ग.४ स्थानीय तह संचित कोष खाता</td><td>२२६३६१५७।२०</td><td>१७९३५२०।१०</td><td>२०८४२६३७।१०</td></tr>
<tr><td>६</td><td>ग-स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>१५३१३४।००</td><td>०</td><td>०</td></tr>
<tr><td>७</td><td>विभाज्य कोष खाता</td><td>-१४१०८०</td><td>१८७५७०।००</td><td>४६४९०।००</td></tr>
<tr><td>८</td><td>राजस्व खाता</td><td>०</td><td>२५९०८८५४।७९</td><td>०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२८५९८७४८।९५</td></tr>
</table>
कार्यालयको बैंकमा रहेको ग-२.१ चालू खर्च कोष खातामा भन्दा रू. ३५३९१९५।९२ बैंकमा घटी रहेको छ भने ग-२.४ पूँजीगत खर्च खातामा भन्दा बैंकमा रू४१७०४२५।९३ घटी मौज्दात देखिएको र स्थानिय तह संचित कोष खातामा भन्दा रू २०८४२६३७।१० बैंकमा घटी रहेको छ ।सो पुष्टयाई हुने विस्तृत वैंक समायोजन विवरण ( Bank Recanciliation Statement) तयार गरी फरक रकम हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारीः स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपाध्यक्ष श्री ईश्वरी उप्रेतीले मिति २०७८।०३।१० मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ४३ करोड ७० लाख ८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा पारित भएको छ । यसै गरी स्थानीयतहका प्रमुखले मिति २०७८।०४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **आन्तरीक नियन्त्रणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्य कालीन खर्च संरचना तयार गर्नु पर्नेमा गाउँपालिकाले सो बमोजिम मध्य कालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• गाउँपालिकाले उद्देश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगावै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। साथै ठेक्का फाइल समेत अद्यावधिक देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति २०७३ ।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र गाउँपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष गाउँसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा गाउँपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रूपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरूरी देखिएको छ । | |
| १० | | | **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १४ ऐन र १५ वटा कार्यविधि लगायत २९ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै गाउँपालिकाले कानूनहरू निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन् । उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ११ | | | **सःशर्त अनुदानः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५च.नं. १०६४ मिति २०७५।३।३ को सःशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीयतहमा हस्तान्तरण भएको र सःशर्त अनुदानको रकम आषाढ मसान्त सम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको छ । यस गाउँपालिकालाई संघीय सरकारबाट रू २८ करोड ४३ लाख ३२ हजार र प्रदेश सरकारबाट रू ४ करोड | १२,२८२,०४९.८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ८८ लाख ९३ हजार गरी जम्मा रू ३३ करोड ३२ लाख २५ हजार प्राप्त भएकोमा संघीय सरकारको रू २८ करोड ८ लाख ५४ हजार खर्च भई बाँकी रू ३३ लाख ७९ हजार र प्रदेश सरकारको रू ४ करोड ८८ हजार खर्च भई बाँकी रू ८८ लाख ४ हजार समेत रू १ करोड २२लाख ८२हजार संचित कोषमा फिर्ता गर्नु पर्नेमा लेखापरीक्षणको अवधि सम्म फिर्ता नगरेको रू | |
| १२ | | | **स्थानिय क्षेत्रगत वजेट**<br><br>**१ अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीयतहले यो बर्ष रू १ करोड ३७ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७७।०३।१० को निर्णयबाट चालू तर्फ २२ लाख र पुँजीगत तर्फ रू १ करोड १५ लाख बजेट व्यवस्था गरी खर्च गरेको छ ।बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ।<br>**२ क्षेत्रगत वजेटः** गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट ४४ करोड ८४ लाख ७२ हजार र खर्च ३९ करोड ७१ लाख ५८ हजारको आधारमा समग्र रूपमा ८८.५५ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ । | |

| क स | क्षेत्रगत बजेट | बजेट रकम रू | खर्च रकम रू | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६३०००००।०० | ३२७०८६५५।०० | ९०.११ |
| २ | सामाजिक विकास | १९३२५४३३९।०० | १८०३११९८६।१५ | ९३.३१ |
| ३ | पूर्वाधार विकास | १२५२७६०००।०० | ९८४००७२२।११ | ७८.५५ |
| ४ | सुशासन विकास | २८९१०००।०० | २०८१७८२।०० | ७२.०१ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ९०७५०२००।०० | ८३६५५०४५।७१ | ९२.१८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | |
|---|---|---|---|
| जम्मा रू | ४४८४७१५३९।०० | ३९७१५८१९०।९७ | ८८.५५ |

</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>

**चौमासिक पूँजीगत खर्चः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ।

| बजेट | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रे चौमासिक | |
| १६३६३१०००।०० | १३४०८५६०३।०९ | ८०८०००।०० | ३१००९६३३।७९ | १०२२६७९६९।३० | ४२२७५४२४।७९ |
| खर्च प्रतिशत | ८१.९४ | ०.४९ | १८.९५ | ६२.५ | २५.८४ |

</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>

**आन्तरिक लेखापरीक्षणः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस गाउँपालिकाले यस वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ।

</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>

**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीयतहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सहित १८ जना र करार तर्फ ३६ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १३ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| १६ | | | **जिन्सि निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा प्रत्येक वर्ष कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान तथा वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसामानको परिमाण र मूल्य, चालु आर्थिक वर्षमा लिलाम, मिनाहा वा हस्तान्तरण भई खर्चको परिमाण र मूल्य तथा बाँकी जिन्सी मालसामानको परिमाण र मूल्य समेत र खुलाई जिन्सी मालसामानको श्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ। यस कार्यालयले गत बर्षको मौज्दात चालु बर्षमा अ.ल्या. गर्दा मौज्दात भिडान नभएको तथा वास्तविक मूल्य समेत भिडान नभएको साथै जिन्सी सामानहरु मर्मत गर्नपर्ने तथा लिलाम बिक्री गर्नु पर्ने अवस्था साथै PAMS मा जिन्सी सामानको प्रविष्ट गरी जिन्सी निरीक्षण प्रतिवेदनमा खुलेको पाईएन। अतः कार्यालयले जिन्सी सामानहरुको अध्यावधिक विवरण स्पष्ट रुपमा खुलाई जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नु पर्दछ। | |
| १७ | | | **योजना छनौट र सञ्चालनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल १७९ योजनाहरू मध्ये रू ० देखि रू १ लाख सम्मको २१ वटा, रू १ लाख देखि रू २ लाख सम्मको ४५ वटा, रू २ लाख देखि रू ३ लाख सम्मको ३३ वटा, रू ३ देखि रू ४ लाख सम्मको १२ वटा र रू ४ देखि रू ५ लाख सम्मको २५ वटा गरी जम्मा १३६ वटा योजना रु. ५ लाख भन्दा कम बजेटको संचालन भएको देखियो । यस्ता वितरण मुखी कार्यक्रमलाई नियन्त्रण गर्नु पर्दछ । | |
| १८ | | | **लक्ष्य प्रगतिः** गाउँपालिकाले यसवर्ष १८३ र क्रमागत २ गरी जम्मा १८५ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये यस वर्ष को ५ वटा र २ वटा क्रमागत गरी जम्मा ७ योजना ठेक्काद्वारा र बाँकी यस वर्षको १७८ र क्रमागत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शून्य गरी जम्मा १७८ योजना उपभोक्ता समिति मार्फत भएको छ । गाउँपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान आर्थिक वर्ष भित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन। अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनु पर्दछ । सम्पन्न भएका योजनाहरू लेखापरीक्षणको अवधि सम्म सम्वन्धी उपभोक्ता समितिलाई हस्तान्तरण भएको देखिदैन । सम्पन्न भएका योजनाहरू सम्बन्धित उपभोक्तालाई यथा शिघ्र हस्तान्तरण गर्नु पर्ने देखिन्छ । | |
| १९ | | | **सेवा प्रवाहः** गाउपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । | |

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| 1. | नागरिकता सिफरिस | ११७६ |
| 2. | घरबाटो सिफारिस | २९७ |
| 3. | नाता प्रमाणित | २५४ |
| 4. | जन्म दर्ता | ११२४ |
| 5. | मृत्यु दर्ता | १९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको २९ गरी कुल ३३ विवाद दर्ता भएकोमा २५ वटा मात्र फस्यौंट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | ४४९ | २०७९-३-२४ | **कर कट्टि नगरेकोः** श्री शर्मिला थापाले विद्यालय स्वास्थ्य शिक्षा सामाजिक व्यवाहर परिवर्तन अन्तर्गत रू १०००००।०० पेश्कि लिइ कार्यक्रम सम्पन्न गरी फस्यौंटको लागि विल भरपाई पेश गरेकोमा सो कार्यक्रममा बिभिन्न भत्ता वितरण रू ५२५०० भएको देखिन्छ । सो भत्ता वितरण गर्दा नियमअनुसार १५ प्रतिशत कर कट्टि गरी भुक्तानी गर्नु पर्नेमा कट्टि नगरी भुक्तानी गरेकोले कर रकम रू ७८७५।०० असूल हुनु पर्ने रू | ७,८७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५को उपनियम १(क) मा २५ लाख रुपैंया सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा औषधीको मूल्य राखी सूचना प्रकाशन गर्नु पर्ने र सोही दरमा बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर यस पालिकाले उक्त प्रक्रिया वेगर रु १९५३१८८।०० का औषधि सोझै खरिद गरेको छ ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसर छनः<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सो को मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटि फाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नम्बर म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि हो होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ। | |
| ६६ | ४५० | २०७९-३-२४ | **पेश्किः** श्री पाण्डव थापाले परिवार नियोजन कार्यक्रम अर्न्तगत रू ३३२०००।०० पेश्कि लिइ कार्यक्रम सम्पन्न गरी फस्यौंटको लागि विल भरपाई पेश गरेकोमा सो पेश्कि फस्यौंट गर्दा निम्न व्यहोरा देखियो ।<br><br>१ औषधी ढुवानीको गाडी भाडा रू १५०००।०० भुक्तानी गर्दा नियम अनुसार १० प्रतिशत भाडा कर कट्टि गरि भुक्तानी गर्नु पर्नेमा कट्टि नगरेकोले भाडा वापत लाग्ने कर रू १५००।०० असुल हुनु पर्ने रू १५००।०० | ५३,५९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>२ आइ यूसिडि तथा Implant वापतको भत्ता रू १०६७००। भुक्तानी गर्दा नियम अनुसार १५ प्रतिशत अग्रिम कर कट्टि गरि भुक्तानी गर्नु पर्नेमा कट्टि नगरेकोले अग्रमि कर रू १६००५।०० असुल हुनु पर्ने रू १६००५।००<br>३ रू ३३२०००।०० को पेश्कि फस्यौंटको विल भरपाईको जोड जम्मा गर्दा विल भर्पाइ भएको रू २९५९१५। विल भर्पाइ नपुग भएको रू ३६०८५।०० असूल हुनु पर्ने रू ३६०८५।००</td><td></td></tr>
<tr><td>६७</td><td>४५२</td><td>२०७९ -३-२४</td><td>पेश्कि: श्री पाण्डव थापाले क्षयरोग अन्तर्गत रू ५३०००।०० पेश्कि लिइ कार्यक्रम सम्पन्न गरी फस्यौंटको लागि विल भरपाई पेश गरेकोमा सो कार्यक्रममा बिभिन्न भत्ता वितरण रू ५३००० भएको देखिन्छ । सो भत्ता वितरण गर्दा नियमअनुसार १५ प्रतिशत कर कट्टि गरी भुक्तानी गर्नु पर्नेमा कट्टि नगरी भुक्तानी गरेकोले कर रकम रू ७९५०।०० असूल हुनु पर्ने रू ७९५०।००</td><td>७,९५०</td></tr>
<tr><td>६८</td><td>४५१</td><td>२०७९ -३-२४</td><td>पेश्कि: श्री पाण्डव थापाले स्वास्थ्य कार्यक्रम अर्न्तगत रू ३१५०००।०० पेश्कि लिइ कार्यक्रम सम्पन्न गरी फस्यौंटको लागि विल भरपाई पेश गरेकोमा सो पेश्कि फस्यौंट गर्दा निम्न व्यहोरा देखियो ।<br><br>१ विभिन्न कार्यक्रमको भत्ता वितरण गर्दा निम्न व्यक्तिहरूको भत्ता बुझेको भरपाई नभएकोले असूल हुनु पर्ने रू १९२००।००
<table>
<tr><td>नाम</td><td>भत्ता रकम रू</td></tr>
<tr><td>श्री नारायण प्रसाद पाण्डे</td><td>४८००।००</td></tr>
<tr><td>श्री विनोद राज खरेल</td><td>४८००।००</td></tr>
<tr><td>श्री ईश्वरी उप्रेती</td><td>४८००।००</td></tr>
<tr><td>श्री दिपेश भण्डारी</td><td>४८००।००</td></tr>
<tr><td>जम्मा रू</td><td>१९२००।००</td></tr>
</table>
२ रू ३१५०००।०० को पेश्कि फस्यौंटको विल भरपाईको जोड जम्मा गर्दा विल भर्पाइ भएको रू १९६३००। विल भर्पाइ नपुग भएको रू ११८७००।०० असूल हुनु पर्ने रू ११८७००।००</td><td>१३७,९००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **दोहोरो भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गाउँपालिका ले गो.भौ.नं.१९७ मिति ०७९।३।९ बाट श्री पुरूषोत्तम वाग्लेको नाउँमा बैठकको माइन्यूटहरू राखि ३७४००। भुक्तानी गरेको छ भने पुन गो.भौ.नं.१९९ मिति ०७९।३।१० बाट पनि भुक्तानी रू ३७४००। भएको छ। यसरी एउटै कार्यक्रमको दोहोरो भुक्तानी भएको रकम सम्वन्धितबाट असूल हुनु पर्ने रू | ३७,४०० |
| ७० | २६३ | २०७९-३-२४ | **बिल भरपाई नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्वार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले विभिन्न समयको बैठक भत्ता भनि रू १०८०००।०० भुक्तानी गरेको छ । कुन कुन मितिमा बैठक वसेको सो को मान्यूईट लगायत भत्ता बुझेको भरपाई समेत पेश नभएकोले सो खर्च पुष्टि हुने प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल गर्नु पर्ने रू | १०८,००० |
| ७१ | २५७ | २०७९-३-२२ | **बिल भरपाई नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्वार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले छापधोक चिलाउने गाउँ सल्लाघरी रालुवा मोटर वाटो सरसफाई गरेवापत डोर हाजिर तथा सम्झौता वेगर श्री विजय परिवारलाई रू १५०००।०० भुक्तानी गरेको छ ।सो खर्चलाई पुष्टि हुने प्रमाण पेश गर्ने अन्यथा असूल हुनु पर्ने रू | १५,००० |
| ७२ | २७८ | २०७९-३-२४ | **बिल भरपाई नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्वार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले विभिन्न समयको बैठक भत्ता भनि रू ५७१०००।०० भुक्तानी गरेको छ। सो भत्ता क कसलाई कुन | ५७१,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कुन मितिमा बैठक वसेको हो लगायत भत्ता बुझेको भरपाई समेत पेश नभएकोले सो खर्च पुष्टि हुने प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल गर्नु पर्ने रू | |
| ७३ | | | **खरीद प्रक्रियाः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले साना व्यवसायीक कृषि (पकेट) क्षेत्र निरन्तरता अर्न्तगत विनियोजन भएको रू १२०००००।०० लाख मध्य आर्थिक वर्षको अत्यमा टुक्रा टुक्रा पारी सोझै खरीदको माध्याम अपनाई रू ५०००००।००/५०००००।०० लाखको दरले विषादी र विउ विजन खरीद गरी न्यू दक्षिणकाली विजभण्डारलाई रू ९९९१५०।०० भुक्तानी गरेको छ । सो खरीद गरेको सामाग्री उपयोग नभई लेखापरीक्षण गर्ने समयसम्म स्टोरमा नै मौज्दात रहेको पाईएकोले केवल बजेट फ्रिज नहुन दिन २०७९आषाढ २४ खरीद गरेकोले सो खरीद अनियमित देखिएको रू | ९९९,१५० |
| ७४ | | | **तोकिएको योजना विपरीत खर्चः** गाउँ सभाले तोकेका कार्यक्रम बाहेका अन्य कार्यक्रममा खर्च गर्ने कुनै कानूनी आधार देखिदैन । गो भौ नं ४५८ मिति ०७९।३।२४ बाट कृषि बिज्ञ श्री रामचन्द्र देवकोटाको धान वालीको साना व्यवसायिक कृषि उत्पादान केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन अर्न्तगत पेश्कि फस्योँट गर्दा कार्यक्रम भन्दा बाहिरको विल भरपाई राखी रू ५०००००।०० को पेश्कि फस्यौंट गरेको देखियो । कार्यक्रम विपरीत निम्न किसिमका विल भरपाई संग्लन गरी पेश्कि फस्यौंट गरेकोले सो रकम सम्वन्धित बाट असूल हुनु पर्ने रू | ५००,००० |

| सामनको विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|
| रायो चौडापात | ६०० kg | ३७० | २२२०००।०० |
| भिडि हाइव्रिड | ६००kg | १०५ | ६३०००।०० |
| धनिया ग्रिन | ६०० पिस | ४५ | २७०००।०० |
| वोडि चाइनिज | ६०० पिस | ७० | ४२०००।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सिव चार्ड</td><td>६०० पिस</td><td>७०</td><td>४२०००।००</td></tr>
<tr><td>फर्सि</td><td>६०० पिस</td><td>७०</td><td>४२०००।००</td></tr>
<tr><td>सिर्जना गोलाभेडा</td><td>१००० पिस</td><td>३५</td><td>३५०००।००</td></tr>
<tr><td colspan="3">जम्मा रू</td><td>५०००००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि आर्थिक विकासमा योगदान पुऱ्याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ ।कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरि उनिहरूलाई रोजगारको अवसर प्रदान गरि उनीहरूको आर्थिक विकासमा सहयोग पुऱ्याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिंदैन।तसर्थः कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नु पर्दछ।स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोछ।यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, सिंचाई कूलो मन्दिर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १६२ जना लाई रोजगारी उपलव्ध गराई रू ७६८५६४०।०० खर्च गरेको छ । लक्षित वर्ग लाई औषत दिन ३० देखि १०० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्च वाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। बित्तिय प्रगति ७१.८४ देखि १०० प्रतिशत सम्म देखाएको छ भने भौतिक प्रगति प्रतिशत पनि ७१.८४ देखि १०० देखाई निर्माण कार्य गरिएको संहार गरिएको छ भनि भौतिक प्रगतिमा राखिएको छ । यस बाट भौतिक कार्य भएको छ भन्ने आधार खुल्दैन ।साथै सो को अनुगमन प्रतिवेदन समेत राखेको देखिएन । साथै सो को अनुगमन प्रतिवेदन समेत राखेको देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| आयोजनाको नाम | बिनियोजित वजेट | भुक्तानी रकम | संलग्न कामदारको संख्याक्र | औसत दिन | बित्तिय प्रगति प्रितशत | भौतिक प्रगति प्रितशत |
|---|---|---|---|---|---|---|
| डोटेलबेसी हुदै मरणघाट गोरेटो बाटो स्तरोन्नती तथा पिपल बोट भन्ज्याङ नाली निर्माण । | 222145 | 201950 | 10 | 35 | 90.9 | 90.9 |
| खरानीटार कोइराचेत आँपचौर भिरकुनार जोगी गुफा प्रभुडाडाँ सडक तथा नाली मर्मत । | 141365 | 141365 | 7 | 35 | 100 | 100 |
| सातविसे बाघमारा सडक नालि व्यवस्थापन तथा स्तरोन्नती । | 161560 | 161560 | 8 | 35 | 100 | 100 |
| उर्लेनी काल्चे सडक सोलिङ तथा नाली सरसफई | 282730 | 203104 | 11 | 32 | 71.84 | 71.84 |
| सातविसे चिलाउने सडक तथा नाली सरसफाई । | 161560 | 138480 | 8 | 30 | 85.71 | 85.71 |
| रालुका मन्दिर पार्क ,रालुका मन्दिर एरिया गोरेटो बाटो , धनेश्वरी मन्दिर जाने गोरेटो बाटो र खाने पानि पाइप लाइन खन्ने मर्मत गर्ने । | 692400 | 643932 | 12 | 93 | 93 | 93 |
| छोरतेन माने परिसर नेवार मरणपाटी र तादी २ भित्रका सिंचाई मर्मत गर्ने | 519300 | 482949 | 9 | 93 | 93 | 93 |
| पौवाथोक चिलाउने स्वाँरा गौरुङटोल हुदै केरसिंङ घर जाने गोरेटो बाटो मर्मत,डोटेल बेशी पौवाथोक सडक र | 692400 | 692400 | 12 | 100 | 100 | 100 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| डाँडा पाटो चामोट हुदै ज्वालामुखी थान सडक स्तरोन्नती | | | | | | |
| गौरी गाउँ तल्लो स्याङले सडक सोलिङ तथा स्तरोन्नती | 519300 | 519300 | 9 | 100 | 100 | 100 |
| महाँकाली मन्दिर जाने बाटोमा सिढिँ मर्मत तथा सरसफई गर्ने र कोसगाडे बाट बलेचौर समम्म ऐतिहासिक सिढिँ बाटो मर्मत | 346200 | 346200 | 6 | 100 | 100 | 100 |
| रिमाल डाँडा मोटर बाटो सोलिङ | 346200 | 346200 | 6 | 100 | 100 | 100 |
| कटरबोट हुदै कालीमाटी मोटर बाटो सोलिङ तथा स्तरोन्नती र वाहुनबेशी नर्जा मोटर बाटो सरसफई | 461600 | 461600 | 8 | 100 | 100 | 100 |
| बोहोरे देखी रातमाटे सडक सोलिङ तथा स्तरोन्नती र रातो पहरो सठिया मोटर बाटो स्तरउन्नती | 403900 | 403900 | 7 | 100 | 100 | 100 |
| वडा नं. ४ भित्रका विभिन्न गोरेटो बाटो मर्मत | 519300 | 519300 | 9 | 100 | 100 | 100 |
| मैदानमुनि सडक देखी आलडाँडा लाकुरी चौतारा हुदै काउले बाघमारा गोरेटो बाटो मर्मत | 519300 | 519300 | 9 | 100 | 100 | 100 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>तादी १ भित्रका गोरेटो बाटो मर्मत तथा माने डाडाँ थोप्लुङ खोलामा सिंचाई मर्मत गर्ने</td><td>1113700</td><td>1096300</td><td>19</td><td>100</td><td>98.44</td><td>98.44</td></tr><tr><td>तादी १ भित्रको मोटर बाटो सोलिङ तथा नाली निर्माण</td><td>829400</td><td>807800</td><td>14</td><td>100</td><td>97.39</td><td>97.39</td></tr></table> | |
| ७६ | | | **नमुना विद्यालय भौतिक निर्माण अनुदानः** शिक्षा तथा मानव विकास श्रोत केन्द्रले जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को बुँदा नं ८.३ मा केन्द्रबाट छनौट भएका नमुना विद्यालयले स्वीकृत गुरुयोजना अनुरुप भौतिक निर्माण कार्य गर्नको लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम स्थानीय तहले ती विद्यालयलयलाई स्वीकृत गुरुयोजनाको वार्षिक कार्यान्वयन योजना र निर्माण गर्ने कार्यको लागत अनुमान सहित माग गर्न लगाई स्वीकृत गरी विद्यालयसंग सम्झौता गरी सम्झौता पश्चात पहिलो किस्ता कूल अनुदान रकमको ५० प्रतिशत, स्टक्चरल पार्टको कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ता ३० प्रतिशत र कार्य सम्पन्न भए पश्चात नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन पेश भएपछि बाकी २० प्रतिशत अनुदान तेस्रो किस्ताको रुपमा उपलब्ध गराउने उल्लेख छ । छनौट भएको नमुना विद्यालय अमर ज्योति प्राविधिक माध्यमिक विद्यालय खरानीटारको विद्यालय भवन निर्माणको लागि रु १ करोड ५० लाख यस स्थानीय तहमा वित्तीय हस्तान्तरण भएकोमा स्थानीय तहले विद्यालयलसँग मिति २०७९ असार मसान्तसम्मा कार्यसम्न्न गर्ने गरी मिति २०७८।१२।२ मा भएको सम्झौता पश्चात सोही दिन कूल अनुदानको ५० प्रतिशत रु ७५ लाख उपलब्ध गराएको र बाँकी ५० प्रतिशत रु ७५ लाख मिति २०७९।३।२४ मा विद्यालयको खातामा निकासा दिई रकम रोक्का गर्न बैंकलाई पत्राचार गरेको छ । लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा विद्यालय भवनको स्टक्चरल पार्टको कार्य भैरहेको सम्पन्न भै नसके अवस्था छ ।स्थानीय तहले कार्यक्रम कार्यान्वयन पुस्तिकाले अनुदान उपलब्ध गराउँदा पालना गर्नुपर्ने उल्लेखित शर्तहरु पालना गरेको देखिएन । उक्त निर्माण कार्यको नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | १५,०००,० ०० |
| ७७ | | | **सामाजिक सुरक्षा फिर्ताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी | २,४५०,९१ ७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ ।पालिकाले यस बर्ष २ वटा बैंक मार्फत रु. ९२९४५४२४ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौंटभएपश्चात दोस्रो र दोस्रो किस्ता फछ्र्यौंट गरी तेस्रो किस्ता र तेस्रो किस्ता फछ्र्यौंट भएपश्चात चौथौ निकासा दिई फछ्र्यौंट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम रु २४५०९१७ देखिएकोले को ले नि का फिर्ता गर्नुपर्ने देखिन्छ (Bank Statement भन्दा बाहिरको मात्रै रकम हो) | |
| ७८ | | | **पार्दशिताः** कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने, चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधिको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ७९ | | | **उपभोक्ता**<br><br>**१ लागत सहभागिताः** गाउँपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीयतहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्दछ । तर गाउँपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतःनगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्दछ ।<br>**२ उपभोक्ता समितिः** गाउँपालिकाले उपभोक्ता समितिबाट गराएका २१६ योजना मध्ये २५ योजनाको लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रूपमा नभरीएको, सहि छाप नभएको अवस्था देखिएको छ ।त्यस्तै नियम 115.1 अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा उपभोक्ता समिति गठन परिचालन र संचालन कार्यविधि 2075 अनुसार थप सुधार गर्नुपर्ने देखिएको छ । | |
| ८० | | | **कार्यसम्पन्न भन्दा बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९ मा विल भरपाई चेकजाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ ।कार्यालयले रिमालडाँडा कोइरालाचेत खानेपानी योजना वजेट १० लाख, लागत अनुमान रु ११०२७४२।८३ रहेको काम गर्न उभोक्ता समितसँग मिति २०७९।१।२३ सम्पन्न गर्ने गरी २०७८।१२।१३ सम्झौता गरेकोमा मिति २०७९।३।२३ को प्राविक नापजाँच अनुसार रु २३५१४९।० को मात्र कार्यसम्पन भएको कार्य सम्पन्न प्रतिवेदन अनुसारको भुक्तानी दिंदा ९४००००।० खर्च लेखेको छ । सम्झौतामा उपभोक्ता समितको १३ प्रतिशत अर्थात रु १४२१४२।० योगदान रहने उल्लेख छ । नापी अनुसार रु २३५१४९।० को सम्पादित कामको भुक्तानी गर्दा सम्झौता अनुसार उपभोक्त समितिबाट हुनु पर्ने योगदान रु ३०५७०।० र अग्रिमकर लगायत कट्टा गर्नु पर्ने रु ७२२२।० समेत रु ३७७९१।० रु घटाई हुने रु १९७३५८।० खुद भुक्तानी हुनुपर्नेमा उपभोक्ता समितलाई रु ९३२७८६।० खुद भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु ७४२६४२।० असूल गरी दाखिला गर्नुपर्ने देखिएको रू | ७४२,६४२ |
| ८१ | | | **कार्य सम्पन्न र प्राविधिक मूल्यांकन नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्वार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले यस वर्ष निम्न उपभोक्ता समितिबाट गरेको कामको प्राविधिक मूल्यांकन र कार्यसम्पन वेगर रू ७२६५१३।०० भुक्तानी गरेको छ । कार्य सम्पन्न र प्राविधक मूल्यांकन वेगर भुक्तानी गरेको रकम रू ७२६५१३।०० नियमसँगत नदेखिएको रू | ७२६,५१३ |

| गो भौ नं र मिति | कामको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२५६।०७९।३।२२</td><td>मानेडाडाँ घोप्लोङ्ग खोला सिंचाई मर्मत</td><td>उपभोक्ता समिति</td><td>१२००००।००</td></tr>
<tr><td>२०७।०७९।३।१५</td><td>सिम्ले चौतारा निर्माण</td><td>उपभोक्ता समिति</td><td>१४३०००।००</td></tr>
<tr><td>१७७।०७९।।२।२५</td><td>चिलाउने मानेडाँडा सास्कृतिक भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>४६३५१३।००</td></tr>
<tr><td></td><td></td><td>जम्मा रू</td><td>७२६५१३।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>कार्यसम्पन्न भन्दा बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्वार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले निम्न उपभोक्ता समितिलाई ढुवानीकर, मर्मत संम्भारकोष, अग्रिमकर र सासुकर कटाएर भुक्तानीको लागि सिफारीस गरेको भन्दा रू १२११०।८५ बढी भुक्तानी गरेको छ । बढी भुक्तानी भएको रकम सम्वन्धी उपभोक्ता सँग असूल गर्नु पर्ने रू
<table>
<tr><th>गोभौन र मिति</th><th>कामको विवरण</th><th>भुक्तानी योग रकम</th><th>कट्टि रकम</th><th>भुक्तानी हुने रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>२४३।२०७९।३।२१</td><td>लामि डाँडा तिमल्सेना तामाङ्ग टोल पहिरो नियन्त्रण उस</td><td>४८००००।००</td><td>२०२१२।००</td><td>४५९७८८।००</td><td>४६३६८८।००</td><td>३९००।००</td></tr>
<tr><td>२३५।०७९।३।२१</td><td>पौवा थोक शवदाह गृह निर्माण उस</td><td>४८००००।००</td><td>१८२५५।००</td><td>४६३८४५।००</td><td>४६१७४५।००</td><td>२१००।००</td></tr>
</table>
</td><td>१२,११०.८५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१५।०७९।३।१५</td><td>कागेस्वारा मोटर बाटो स्तर उन्नति</td><td>१९२०००।००</td><td>७३४७।२५</td><td>१८४६५३।००</td><td>१८६००३।००</td><td>१३५०।००</td></tr>
<tr><td>१७८।०७९।२।२५</td><td>नवचण्डिका फाउण्डेशनको निर्माण तथा पार्टेशन उस</td><td>७६८०००।००</td><td>२६९८३।००</td><td>७३६२५६।१५</td><td>७४१०१७।००</td><td>४७६०।८५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१२११०।८५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>
सोझै खरिदः सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले बस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी र टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा रू ५ लाख सम्मको खरीद कार्य सोझै गर्न सकिने, रू ५ लाख भन्दा माथि रू २० लाख सम्म सिलवन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले विभिन्न कार्य तथा मालसमानहरू खरीद गर्दा एकै प्रकृतिका काम टुक्रा टुक्रा गरी प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरिद विधिद्वारा गरेको छ । कार्यालयले निम्न फर्म सँग कार्य तथा मालसामान खरिद गर्दा रू ३४३५०६६।०० भुक्तानी गरेको कार्य नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>गो.भौ.नं. र मिति</th><th>फर्मको नाम</th><th>कामको विवरण</th><th>भूक्तानी रकम मू.अ.कर समेत</th></tr>
<tr><td>गाउँपालिका पूँजिगत</td><td>१९१।०७९।०३।०६</td><td>R.D. Suppliers Pvt.Ltd. Kathmandu</td><td>ल्याप टप खरीद</td><td>१५००००।००</td></tr>
<tr><td></td><td>६३।२०७८।१०।२३</td><td>कामना ट्रेडर्स</td><td>पाइप खरीद</td><td>४९३१६५।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>६९।०७८।११।१</td><td>कोहिनुर ट्रेडर्स एण्ड सप्लायर्स</td><td>पाइप खरीद</td><td>४९८६३०।००</td></tr>
<tr><td></td><td>९२।२०७८।११।१६</td><td>नारायण इन्टरप्राइज</td><td>पाइप खरीद</td><td>४९३२२४।००</td></tr>
<tr><td></td><td>९४।०७८।१२।२</td><td>जगदम्वा सम्लायर्स</td><td>पाइप खरीद</td><td>३९२०००।००</td></tr>
<tr><td></td><td>१०६।०७८।१२।९</td><td>शुभकामना ट्रेडर्स</td><td>पाइप खरीद</td><td>४९३१३०।००</td></tr>
<tr><td>गाउँपालिका चालू</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>४२६।२०७८-१०-२६</td><td></td><td>सेवा र परामर्श</td><td>४९८१४०।००</td></tr>
<tr><td></td><td>२९६।२०७८-०८-२४</td><td></td><td>मसलन्द तथा कार्यालय सामान</td><td>४१६७७७।००</td></tr>
<tr><td></td><td></td><td>जम्मा रू</td><td></td><td>३४३५०६६।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>
प्रमाण नभएको : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा विल भरपाई र खर्च र कारोवारलाई पुष्ट्याई गर्ने प्रमाण कागजात राख्नु पर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार गरेका खर्चको विल, नापि किताब, कार्यसम्पन्न प्रतवेदन जस्ता कागजात तथा श्रेस्ताहरु पेश नभएको नभएकोले ति प्रमाण कागजातहरु पेश हुनु पर्ने रु
<table>
<tr><td>शीर्षक</td><td>गो भौ र मिति</td><td>खर्च रकम</td></tr>
<tr><td>गा पा पूँजीगत</td><td>१४७।२०७९।१।७</td><td>११४०००।०</td></tr>
<tr><td>“</td><td>१४८।२०७९।१।७</td><td>९६०००।०</td></tr>
<tr><td>“</td><td>१४९।२०७९।१।८</td><td>३८४०००।०</td></tr>
<tr><td>“</td><td>१५२।२०७९।१।८</td><td>१९२०००।०</td></tr>
</table>
</td><td>९,४९४,९२९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>“</td><td>७२।२०७८।११।१</td><td>९९८००।0जिन्सी दाखिला नभएको</td></tr>
<tr><td>प्रदेश पूँजीगत</td><td>२५।२०७९।३।२४</td><td>५४६१११०।०</td></tr>
<tr><td>“</td><td>२७।२०७९।३।२४</td><td>२७४३०१९।०</td></tr>
<tr><td>“</td><td>६।२०७८।१२।१२</td><td>६६०००।०</td></tr>
<tr><td></td><td>११।२०७९।२।११</td><td>५१०००।०</td></tr>
<tr><td>विविध खर्च खर्च खाता</td><td>४९।२०७९।१२।३०</td><td>२८८०००।०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>९४९४९२९।०</td></tr>
</table></td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चः यस गाउँपालिकाले हरेक योजनामा ४ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति काटीयो भन्ने यकिन हुन सकेन । कन्टेन्जेन्सीको समेत खाता नराखेको कारण कति काटियो र कति खर्च गरीयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन । आयोजनागत खर्च स्पष्ट हुने गरी अभिलेख खाता राख्नु पर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाइयो । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>विमाः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले रु बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा पलाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च विमा गराउनु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले २० लाख माथी ठेक्काको विमा गरेको भएपनि ठेक्का म्याद थप पश्चात मर्मत अवधि कभर गर्ने गरी विमा अवधि थप गर्ने गरेको देखिएन । सम्भावित जोखिम बहन गर्न ठेक्काको मर्मत अवधी कभर गर्नेगरी विमाको पनि म्याद गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>कार्य स्वीकार प्रतिवेदन र एज विल्ट नक्सा पेश नगरेकोः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको कार्य स्वीकार गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने तथा नियम १२५ बमोजिम कार्य सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिम (एज विल्ट ) नक्सा कार्यालयमा पेश गर्नु पर्ने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेख छ । कार्यालयले आंशिक योजनाहरुको मात्र कार्य स्वीकार प्रतिवेदन बनाउने गरेको छ भने निर्माण व्यवसायीले सम्पन्न निर्माण कार्यको एजविल्ट नक्सा पेश गरेको देखिएन । | |
| ८८ | | | **आवश्यकताको पहिचान नभएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद कारवाहीको तयारी गर्दा खरिद आबश्यकताको पहिचान हुनुपर्ने उल्लेख छ । पालिकाले नविकरणीय उर्जा प्रविधि जडान, वायो ग्यास, विद्युतिय चुलो, सुधारीएको चुलो र सौर्य उर्जा खर्च शीर्षकमा विनियोजित बजेटबाट रु ३४९४००।० मा ६३ वटा इन्डकसन खरिद गरी भण्डारण गरेको छ ।खरिद आवश्यकताको पहिचान विना खरिद भएकोले ती सामानहरु उपयोग नभै भण्डारमै थन्केका छन् । ती इन्डक्सनहरुको उपयोग सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु | ३४९,४०० |
| ८९ | | | **मूल्य अभिवृद्धि कर कट्टी र दाखिलाः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) (आर्थिक ऐन, २०७६ वाट संसोधन) वमोजिम सरकारी निकाय तथा संघ सँस्थाहरुले करार गरी खरिद गरेको बस्तु तथा सेवाको बिल भुक्तानी गर्दा विजकमा उल्लेखित मूल्य अभिवृद्धि करको ३० प्रतिशत कट्टा गरी कार्यालयले संबन्धित फर्मको नाममा कर कार्यालयमा दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार मूल्य अभिवृद्धि कर कट्टा गरी दाखिला गरेको नदेखिएकोले असूल हुनु पर्ने तथा मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनु पर्ने रु. | १८९,७०८ |

| गो भौ र मिति | फर्मको नाम | विजक नं र मिति | भूक्तानी भएको मू अ कर | कट्टा गर्नुपर्ने मू अ कर |
|---|---|---|---|---|
| गा पा पूँजीगत | | | | |
| १९।२०७८।८।१७ | वेलकम इन्टरप्राइजेज | ०३१।२०७८।८।१३ | ५७१०८ | १७१३२ |
| २०।२०७८।८।१७ | अभियान ट्रेड कन्सर्न | ०३१।२०७८।८।१३ | ३१८२४ | ९५४७ |
| ३९।२०७८।९।३० | स्पिड अटो इन्टर प्राइजेज | ४४९।२०७८।८।२८ | ३३४२० | १००२६ |
| ६३।२०७८।१०।१३ | कामना ट्रेडर्स | १०३।२०७८।१०।३ | ५६७३५ | १७०२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६९।२०७८।११।१</td><td>कोहिनुर ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१६।२०७८।१०।२५</td><td>५७३६४</td><td>१७२०९</td></tr>
<tr><td>९२।२०७८।११।१९</td><td>नारायण इन्टरप्राइजेज</td><td>२५८।२०७८।११।९</td><td>५६७४२</td><td>१७०२३</td></tr>
<tr><td>९४।२०७८।१२।२</td><td>जगदम्बा सप्लायर्स</td><td>१०८।२०७८।११।२</td><td>४५०९८</td><td>१३५२९</td></tr>
<tr><td>१४७।२०७९।११।७</td><td>इजी टेक्नोलोजी</td><td>०२५।२०७८।१०।२२</td><td>१९२७०</td><td>५७८१</td></tr>
<tr><td>संघीय पूँजीगत</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१९।२०७९।२।३०</td><td>इन्टरटेक प्रा लि</td><td>३३७।२०७९।२।१०</td><td>७४८०७</td><td>२२४४२</td></tr>
<tr><td>१९।२०७९।२।३०</td><td>इन्टरटेक प्रा लि</td><td>३३८।२०७९।२।१०</td><td>१५९८०१</td><td>४७९४०</td></tr>
<tr><td>२७।२०७९।३।२३</td><td>वेलपुर मेटल इन्डस्ट्रिज</td><td>२५१।२०७९।३।२२</td><td>४१०९६</td><td>१२०५९</td></tr>
<tr><td colspan="4">जम्मा रू</td><td>१८९७०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९०</td><td>१४</td><td>२०७९-२-३१</td><td>प्रदेश पूँजीगत<br>रीतपूर्वको विजकः मूल्य अभिविद्धि कर नियमावली २०५३ को नियम १७ मा सेवा प्रदायकले प्रापकलाई रितपूर्वको विजक दिनु पर्ने उल्लेख छ । ठेक्का नं १।२०७८।७९ खरानीटार टुटुङ हुँदै उर्लेनी जोड्ने मोटरबाटोको निर्माण व्यवसायी श्री डि आई कन्स्ट्रकसनलाई प्रथम रनिङ विल रु ३८८०७९८।० मिति २०७९।३।२२ मा भुक्तानी भएकोमा निर्माण व्यसायीले पेश गरेको कर विजक नं ०११।२०७९।२।३० हातले नम्वर लेखेको हुँदा विजक रीतपूर्वकको देखिएन ।अतः उक्त विलमा दिएको मूल्य अभिवृद्धि कर ४४६४६३।४८ संबन्धित राजस्व कार्यालयमा मूल्य अभिवृद्धीकर समायोजन भएको प्रमाण पेश गर्नु पर्ने देखिएको रु</td><td>४४६,४६४</td></tr>
<tr><td>९१</td><td></td><td></td><td>परामर्श सेवाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्शसेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । यस वर्ष गाउँपालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद माग गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रू. ३३४३२०८।०० खर्च लेखेको छ । गाउँपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजना छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नु पर्नेमा सो गरेको देखिएन। | |

| कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम |
|---|---|---|---|
| डि पि आर निर्माण सडक | लियोनार्दो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि. | ५००००० | ४,९६,६३५ |
| कार्यविधि निर्माण विपद व्यवस्थापन, मर्मत संम्भार ,वातावरण व्यवस्थापन, सामाजिक परिक्षण कार्यविधि, शाखागत कार्यविधि | रोयल एक्सिस इन्जिनियरिङ्ग सर्भिस प्रा.लि. | ४००००० | ३,६१,१९२ |
| डि पि आर निर्माण सडक | श्रीभा इन्जिनियरिङ्ग कन्सल्ट्स एण्ड बिल्डर्स प्रा.ली. | ५००००० | ४,९८,१४० |
| डिजिटल बोर्ड एवम् नागरिक वडापत्र तयार | अल्ट्रा लिड डिस्प्ले प्रा.लि. | ५००००० | ४,९६,४९३ |
| LISA कार्य योजना कार्यान्वयन | माईपोखरी स्टडीज एण्ड कन्सलटेन्सी प्रा.लि | २००००० | १,९७,७५० |
| सर्भर तथा नेटवर्क स्थापना | डायमण्ड इलेक्ट्रोनिक्स प्रा.लि. | ३२०००० | ३,१४,७०५ |
| राजश्व परामर्श सेवा (सफ्टवेयर जडान) | सफ्टेक इन्फोसिस प्रा.ली | ५००००० | ४,९४,९४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सफ्टवेयर जडान( योजना दर्ता)</td><td>फिनिक्स सोल्युसन्स प्रा.लि.</td><td>२८००००</td><td>२,७७,६३५</td></tr>
<tr><td>सफ्टवेयर जडान( दर्ता चलानी आदि )</td><td>सगरमाथा इन्फर्मेटिक्स प्रा.लि.</td><td>२२००००</td><td>२,०५,७१८</td></tr>
<tr><td></td><td></td><td></td><td>३३४३२०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>पाइप खरिद तथा वितरणः पूँजीगत बजेट पूर्वाधार संरचना निर्माण, उत्पादन मूलक , रोजगारमूलक , धार्मिक तथा सांस्कृतिक प्रबर्धन जस्ता कार्यक्रममा खर्च हुनु पर्दछ । पालिकाले यस आर्थिक वर्षमा रु 2370149।० को विभिन्न साइजका ४४ हजार ९४० रनमिटर खाने पानी पाइप खरिद गरी वि वितरण गरेको छ ।सिमित साधनको उच्चतम उपयोग र खानेपानी समस्यालाई दिगो रुपमा समाधान गर्न यस प्रकारका अल्पकालिन कार्यक्रममा ठूलो धनराशी खर्च गर्ने सोचमा परिवर्तन ल्यई भौतिक पूर्वाधारका संरचनाहरु निर्माण हुने योजनाहरु छनौट र कार्यान्वयनतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>संपरीक्षणः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । गाउँपालिकाले सम्परीक्षणको लागी पेश गरेको छैन ।</td><td></td></tr>
</table>